


श्रीमान प्रमुख जिल्ला अधिकारी ज्यू,

# जिल्ला प्रशासन कार्यालय रौतहट गौरमा चढाएको

**निवेदन-पत्र**

**विषयः -हामी निवेदकहरुको जिउ ज्यान सम्पति समेतको शान्ती सुरक्षाको समुचित व्यवस्था गरि पाउँ ।**

महोदय,

(१)विपक्षीहरु मध्येका जिल्ला काठमाण्डौ म.न.पा.वार्ड नं.८ साविक घर भै हाल जिल्ला बारा कोल्वी नगरपालिका वार्ड नं.१मा बस्ने दुण्डीराज उप्रेती र जिल्ला सर्लाही गा.वि.स.राजघाट वार्ड नं.५हाल बागमती न.पा.वार्ड नं.६मा बस्ने निरज भण्डारी समेतले हामी निवेदक मध्येका म निवेदिका नेसाबुन नेसा समेत ७ जना उपर २०७४-DP- ०५०० को खिचोला छोर्डाइ चलन समेत मुद्दा शुरु रौतहट जिल्ला अदालतमा दर्ता गराएकोमा हाम्रो पतिउतर परि वादी प्रतिवादीको जग्गाको स्थलगत प्रकृती नाप नक्सा गराईएकोमा हामी निवदेक समेतले वादीको जग्गा खिचोला नगरेको हाम्रो जग्गा संग विपक्षीहरुको जग्गाको साध सिमाना नमिलेको र हाम्रो जग्गामा हामी निवेदकहरुको बर्षौ देखीको पक्की घर भै हामीले स.परिवार बसोबास तथा भोग चलन गर्दै आएकोले वादीको दावी नपुग्ने गरी शुरु रौतहट जिल्ला अदालतबाट मिति २०७४।२।२१ गतेका दिन फैसला भएकोमा सो फैसला उपर यि विपक्षीको चित नबुझी श्री उच्च अदालत जनकपुर अस्थायी इजलाश बीरगंजमा पुनरावेदन गर्दा पनि शुरु अदालतको फैसला नै सदर रहने गरी मिति २०७४।१२।१६ गतेका दिन फैसला भएको अवस्था रहेछ । सो फैसला उपर पनि चित नबुझाई निस्सा प्रदान गरी पाउँ भनि सम्मानित सर्वोच्च अदालतमा निवेदन दिएकोमा निस्सा प्राप्त गरी हामीलाई समेत झिकाई पुनरावेदनको रोहमा हाल उक्त मुद्दा सम्मानित सर्वोच्च अदालतमा कारवाहीयुक्त

अवस्थामा रहेको छ । प्रमाण स्वरुप उक्त फैसलाहरुको छायाप्रति पेश गरेका छौं । उक्त मुद्दा कारवाहीयुक्त अवस्थामा सम्मानित सर्वोच्च अदालतमा चल्तीमा नै रहेको अवस्थामा निज विपक्षी डुण्डीराज उप्रेती र निरज भण्डारीले उक्त जग्गा जि.रौ.चन्द्रपुर न.पा.वार्ड नं.४मा बस्ने राजन भन्ने नरबहादुर बोगटी र जिल्ला महोतरी मटीहानी न.पा.वार्ड नं.९ हाल चन्द्रपुर न.पा.वार्ड नं.४मा बस्ने मो. काशीम अंसारी समेत संग विक्री गरेको कुरो सुनीएको र यी विपक्षी राजन भन्ने नरबंहादर बोगटी र मो. काशीम अंसारी र निजहरु कै मेलमतोका नागरीक समाजको आफुले अध्यक्ष भन्ने ऐ.वार्ड नं.४मा बस्ने विनोद पाण्डे मो.न. ९८५५०२१८३६, ९८०२९१०८३६ समेतले उक्त सम्मानित सर्वोच्च अदालतमा विचाराधीन रही फैसला हुन बाँकी नै रही रहेको अवस्थामा विपक्षीले नमालुम के कुन व्यहोराको दिएको निवेदनको आधारमा चन्द्रपुर इलाका प्रहरी कार्यालयका प्रहरी हामीलाई बल जवरजस्ती पक्राउ गरी कार्यालयमा ल्याई तिमीहरुको जग्गा नापजाँच गर्नु छ । निवेदकको जग्गा छाडी दिनु भनि भन्दा साह्रै आश्चर्यमा परी तपाईले हामीलाई देवानी दायित्वको विषयमा उसमा पनि सर्वोच्च अदालतमा विचाराधीन विषयमा चली रहेको मुद्दाको सम्बन्धमा किन हामी लाई पक्राउ गरी हामी लाई थुन्न लाग्नु भएको छ भनि भन्दा जसरी पनि निवेदकको जग्गा लिएरै छोडछु हात खुट्टा भाँची दिन्छु भनि हामी लाई झुठा मुद्दामा फसाउने बल जवरजस्ती जग्गाको कागज गराउने भनि धाक धम्की दिई रहेकोले निजहरुले मलाई पक्राउ गरी जुन सुकै बेला हामीलाई कुटपिट गरी बन्दुक देखाई तरसाई कागज गराउने आशंकाको स्थिती रहेकोले घोर अन्यायमा परी श्रीमान समक्ष प्रस्तुत निवेदन लिई आएका छौं । शान्ती सुरक्षामा खलल नपरोस भन्ने खातिर सो ठाउँका हामी अन्य छिमेकीहरु पनि निवदेन लिई आएका छौं । निजहरुको गैर कानूनी कृयाकलापबाट उन्मुक्ति प्रदान गरी पाउँ । हाम्रो ज्यान धनको शान्ति सुरक्षा गरी पाउँ ।

(२)प्रमाण:

(क)पुनरावेदन अदालतको फैसलाको फोटोकपी पेश छ ।

(ख)सुरु अदालतको फैसलाको फोटोकपी पेश छ ।

(ग)सम्मानित सर्वोच्च अदालतमा विचाराधीन अवस्थामा चली रहेको मुद्दामा निस्सा प्रदान भएको आदेशको प्रतिलिपी पेश छ ।

(घ)हामीहरुको नामको ज.ध.प्रमाण पुर्जा र नागरिकताको फोटोकपी पेश गरेका छौं।

(३)यस्मा लेखिएको व्यहोरा ठिक साचो हो फरक ठहरे कानुन बमोजिम सहुला बुझाउला।

**निवेदकहरु**

नेपाल सरकार

गृह मन्त्रालय

## जिल्ला प्रशासन कार्यालय, रौतहट

### नेपाली नागरिकताको प्रमाण-पत्र

ना. प्र. नं. २०५८।४७०१



नाम थर :- नेसाबून नेशा

जन्मस्थान :- जिल्ला रौतहट

उ.म.न.पा./गा.वि.स. बगुवा

स्थायी वासस्थान :- जिल्ला रौतहट वडा नं. ९

उ.म.न.पा./गा.वि.स. अरुहरा

जन्ममिति :- साल १९७६ महिना — गते —

बाबुको नाम, थर र ठेगाना :- —

पतिको नाम, थर र ठेगाना :- शे० अजीज

दर्ता संख्या - १३४६

नेपाल नागरिकता ऐन, २०२० बमोजिम यो नागरिकताको प्रमाण-पत्र दिइएको छ ।

नागरिकताको किसिम: वैवा

प्रमाण-पत्र पाउने व्यक्तिको सही:-

औंठाको छाप

| बायाँ | दायाँ |
| --- | --- |
| | |

प्रमाण-पत्र दिने अधिकारीको:-

दस्तखत:- [illegible]

नाम, थर: [illegible]

दर्जा:- रा०प०-२

मिति: २०५८।१।१४ गते

श्री
रौतहट जिल्ला अदालत
इजलास
माननीय जिल्ला न्यायाधीश श्री पूर्णिमा कोइराला
आदेश
मुद्दा नं. ०७९-WO-००५३

नेसावुन नेसा-------------------------------------------------------------------------------------------१ निवेदक

विरुद्ध

राजन भन्ने नरवहादुर बोगटीसमेत---------------------------------------------------------------------१ प्रत्यर्थी

मुद्दा :-निषेधाज्ञा

निवेदकको तर्फबाट उपस्थित हुनु भएका विद्वान अधिवक्ता श्री मोहमद मजरुल हकलेले गर्नु भएको वहस समेत सुनियो।

यसमा के कसो भएको हो? निवेदन माग बमोजिमको आदेश किन जारी नहुनु पर्ने हो? आदेश जारी हुनु नपर्ने कारण भए कारणसहित आदेश प्राप्त भएको मितिले वाटाका म्याद वाहेक १५(पन्ध्र) दिन भित्र विपक्षी नं. १ ले आफै वा आफ्नो कानून बमोजिम प्रतिनिधि र विपक्षी नं. २ र ३ ले जिल्ला सरकारी वकिल कार्यालय रौतहट गौर मार्फत लिखित जवाफ लिई आउनु भनी प्रत्यर्थीहरुका नाउमा निवेदन पत्र र आदेशको प्रतिलिपि साथै राखी सूचना म्याद पठाई म्याद भित्र लिखित जवाफ आए वा अवधि नाघेपछि नियमानुसार गरी पेश गर्नू। ।

साथै अन्तरिम आदेश समेतको माग गरेतर्फ विचार गर्दा, निवेदकको स्वामित्वमा रहेको कि.न. ४८६ र १०७७ को जग्गा र सो जग्गाहरुमा सन्चालित फयाक्ट्री घर समेतको भोगचलनमा कानून बमोजिम बाहेक अन्य कुनै किसिमले बाधा, व्यवधान उत्पन्न नगर्नु नगराउनु भनी विपक्षीहरुको नाउँमा जिल्ला अदालत नियमावली, २०७५ को नियम ३४ बमोजिम अन्तरिम आदेश जारी गरी दिएको छ। आदेशको जानकारी विपक्षीहरुलाई दिई नियमानुसार गर्नु।

जिल्ला न्यायाधीश

ईति सम्वत् २०७९ साल मंसिर १५ गते रोज ५ शुभम्----------------------------------------------।

श्री
उच्च अदालत जनकपुर
अस्थायी इजलास वीरगंज
संयुक्त इजलास
माननीय न्यायाधीश श्री रामचन्द्र यादव
माननीय न्यायाधीश श्री रमेश बहादुर थापा

फैसला

मुद्दा नं.-०७४-DP-०५००
रजिष्ट्रेशन नं.-१९-०७४-०१३५२
इजलास नं. ३/ निर्णय नं. २७१
मुद्दाः खिचोला छोडाई चलन समेत ।

लक्ष्मीप्रसाद उप्रेतीको छोरा,जिल्ला काठमाण्डौ, काठमाण्डौ महानगरपालिका वडा नं. ८ साविक भै हाल जिल्ला बारा, कोल्वी नगरपालिका वडा नं. १ बस्ने दुण्डिराज उप्रेती---१
डिल्ली बहादुर भण्डारीको छोरा, जिल्ला सर्लाही, गा.वि.स. राजघाट वडा नं. ५ हाल बागमती नगरपालिका वडा नं. ६ बस्ने निरज भण्डारी---२
} पुनरावेदक वादी

विरुद्ध

बद्रिनाथ पौडेलको छोरा, जिल्ला रौतहट,चन्द्रपुर नगरपालिका वडा नं. १ बस्ने अर्जुन पौडेल---१
बद्रिनाथ पौडेलको छोरा, ऐ.ऐ. बस्ने नेत्रहरि पौडेल---२
शेख अजिजको श्रीमती, ऐ.ऐ. बस्ने नेसावुन नेसा---३
शेख अलिजानको छोरा, ऐ.ऐ. बस्ने शेख अजिज---४
ऐ.ऐ. गा.वि.स. डुमरीया (म) वडा नं. २ हाल चन्द्रपुर नगरपालिका वडा नं. १४ बस्ने केदार थापा---५
केदार थापाकी श्रीमती, ऐ.ऐ. बस्ने शुसिला थापा---६
ऐ. गा.वि.स. करुनिया घर भई हाल ऐ. चन्द्रपुर नगरपालिका वडा नं. १ बस्ने जमिल अख्तर---७
} प्रत्यर्थी प्रतिवादी

सुरु फैसला गर्ने अदालत : रौतहट जिल्ला अदालत
सुरु फैसला गर्ने न्यायाधीश : श्री हरिप्रसाद कोइराला
सुरु फैसला मिति : २०७४।०२।२१

२

न्याय प्रशासन ऐन, २०७३ को दफा ८(३) अनुसार यस अदालतको अधिकारक्षेत्र भित्र पर्ने भई दायर हुन आएको प्रस्तुत मुद्दाको संक्षिप्त तथ्य र ठहर यसप्रकार छ:-

**तथ्य खण्ड**

१. हामी फिरादीहरुको संयुक्त नाँउ दर्ताको रौतहट जिल्ला, चन्द्रनिगाहपुर गा.वि.स. वडा नं. १ ख को कि.नं. ३९८ को ०-४-० जग्गा सीता देवी पौडेलबाट मिति २०६७।७।१७ मा खरिद गरी रजिस्ट्रेसन पास गरी लिई भोग गरी आएका थियौं। सो कि.नं. ३९८ को जग्गालाई प्रतिवादीहरुले कि.नं. २०७ को जग्गा हो भनी नापी कार्यालय, रौतहटका कर्मचारीलाई मिलाई तिमीहरुको जग्गालाई नै उडाई दिएका छौं। अब कि.नं. ३९८ को सम्पूर्ण जग्गा हाम्रो नै भई सक्यो भनी मिति २०७२।४।७ गते जवरजस्ती हाम्रो जग्गा कब्जा, खिचोला गरेकोले हामीहरुको संयुक्त नाँउ दर्ताको कि.नं. ३९८ को ०-४-० जग्गालाई उडाई नापीका कर्मचारीसंग मिलेमतो गरी कि.नं. २०७ को नक्सा बनाई सम्पूर्ण जग्गा कब्जा गरी विपक्षी प्रतिवादीहरुले निर्माण गरेको कम्पाउण्ड दिवाल घर टहरा लगायतका सम्पूर्ण संरचनाहरु भत्काई चलन चलाई पाँऊ भन्ने समेत व्यहोराको फिराद दावी।

२. हामी प्रतिवादीहरुले नापी कार्यालयका कर्मचारीलाई मिलाई वादीले दावी गरेको कि.नं. ३९८ को जग्गा नक्साबाट उडाएको तथा म प्रतिवादी अर्जुन पौडेलले आफ्नो कि.नं. २०७ को जग्गाको वनाई खिचोला गरेको समेत छैन। मेरो नाँउ दर्ताको कि.नं. २०७ को जग्गादेखि उत्तर कि.नं. २७४ र २७५ पूर्वतर्फ कि.नं. २१०, २११ र २०६ पश्चिम सड्क र दक्षिण कि.नं. ४२ को जग्गा रहेको तथ्य नक्साबाट समेत देखिन्छ। यसरी वादीले दावी गरेको कि.नं. ३९८ को जग्गाको कुनै पनि साँधमा हामी प्रतिवादीहरुको जग्गा नै नरहेको हुँदा वादीको जग्गा खिचोला गर्ने अवस्था नै नभएकोले वादीको फिराद दावी खारेज गरीपाँऊ भन्ने समेत व्यहोराको, प्रतिवादीहरुको प्रतिउत्तरपत्र।

३. वादी दावीको कि.नं. ३९८ को जग्गाको नक्सा उडाई नापीको कर्मचारी समेतको मिलेमतोमा प्रतिवादीहरुले आफ्नो कि.नं. २०७ को जग्गाको नक्सा बनाई वादीहरुको सम्पूर्ण जग्गा कब्जा, खिचोला गरेको भन्ने वादी दावी पुग्न नसक्ने ठहर्छ भन्ने समेत व्यहोराको सुरु रौतहट जिल्ला अदालतबाट मिति २०७३।०८।२० मा भएको फैसला।

४. कि.नं. ३९८ को जग्गाको अस्तित्व नक्सा एवं श्रेस्तामा भै रहेको अवस्थामा मुलुकी ऐन, अ.वं. १७१ नं. बमोजिम हामी पुनरावेदकले देखाएको जमिनमा गै नक्सा मुचुल्का गरी दाता सितादेवी पौडेल र विपक्षी अर्जुन पौडेल बीचको मुद्दाको फाइल समेत संगसाथ राखी बुझ्नु पर्ने प्रमाण बुझी शुरु जिल्ला अदालतबाट वादी दावी पुग्न नसक्ने गरी भएको फैसला उल्टी गरी वादी दावी बमोजिम गरिपाउँ भन्ने समेत व्यहोराको वादीको पुनरावेदनपत्र।

## ठहर खण्ड

५. नियम बमोजिम साप्ताहिक तथा दैनिक पेशी सूचीमा चढी पेश हुन आएको प्रस्तुत मुद्दाको पुनरावेदनपत्र सहितको मिसिल कागजातहरुको अध्ययन गरी पुनरावेदक वादीको तर्फबाट उपस्थित विद्वान वरिष्ठ अधिवक्ता श्री अर्जुन उप्रेतीले बुझ्नु पर्ने नाप नक्सा लगायतका सबुद प्रमाण नै नबुझि हचुवाको भरमा वादी दावी पुग्न नसक्ने गरी भएको शुरुको फैसला त्रुटिपूर्ण हुँदा उल्टी गर्ने प्रयोजनको लागि प्रत्यर्थी झिकाई पाउँ भनी गर्नु भएको बहस समेत सुनियो।

६. हामी फिरादीहरुको संयुक्त नाँउ दर्ताको रौतहट जिल्ला,चन्द्रनिगाहपुर गा.वि.स.वडा नं.१/ख कि.नं.३९८ को ०-४-० जग्गा सीता देवी पौडेलबाट मिति २०६७।७।१७ मा खरिद गरी रजिस्ट्रेसन पास गरी लिई भोग गरी आएकोमा, विपक्षीहरुले सो कि.नं. ३९८ को जग्गालाई निजहरुको कि.नं. २०७ को जग्गा हो भनी नापी कार्यालयका कर्मचारी मिलाई हाम्रो कि.नं. ३९८ को सम्पूर्ण जग्गा कब्जा गरी विपक्षी प्रतिवादीहरुले निर्माण गरेको कम्पाउण्ड दिवाल घर टहरा लगायतका सम्पूर्ण संरचनाहरु भत्काई चलन चलाई पाँऊ भन्ने फिराद दावी भएकोमा दावी बमोजिम हामीले खिचोला गरेको छैन भन्ने प्रतिउत्तर जिकिर भएको प्रस्तुत मुद्दामा सुरु रौतहट जिल्ला अदालतबाट वादी दावी पुग्न नसक्ने गरी भएको फैसला उपर चित्त नबुझाई वादीको तर्फबाट प्रस्तुत पुनरावेदन परेको देखिन्छ।

७. अब शुरु जिल्ला अदालतबाट भएको फैसला मिलेको छ, छैन? वादीको पुनरावेदन जिकीर पुग्न सक्ने हो होइन? भन्ने विषयमा निर्णय दिनु पर्ने देखियो।

८. निर्णयतर्फ विचार गर्दा, फिरादीहरुको संयुक्त नाँउ दर्ताको जिल्ला रौतहट, चन्द्रनिगाहपुर गा.वि.स.. वडा नं. १ ख को कि.नं. ३९८ को ०-४-० जग्गा सीता देवी पौडेलबाट मिति २०६७।७।१७ मा खरिद गरी रजिस्ट्रेसन पास गरी लिई भोग गरी आएकामा सो कि.नं. ३९८ को जग्गालाई प्रतिवादीहरुले कि.नं. २०७ को जग्गा हो भनी नापी कार्यालय, रौतहटका कर्मचारीलाई मिलाई जवरजस्ती हाम्रो जग्गा कब्जा, खिचोला गरेकोले हामीहरुको संयुक्त नाँउ दर्ताको कि.नं. ३९८ को ०-४-० जग्गालाई उडाई कि.नं. २०७ को नक्सा बनाई जग्गा कब्जा गरी विपक्षी प्रतिवादीहरुले निर्माण गरेको कम्पाउण्ड दिवाल घर टहरा लगायतका सम्पूर्ण संरचनाहरु भत्काई चलन चलाई पाँऊ भन्ने मुख्य फिराद दावी रहेको देखिन्छ। खिचोलामा दावी लिंदा दावी गरेको कित्ताको अस्तित्व देखाउन सक्नु पर्छ। जग्गाको अस्तित्व नै नक्साबाट देखिदैन भने सो जग्गा खिचोला गरेको भनी भन्न मिल्ने अवस्था हुँदैन। वादीले फिरादपत्रमा निजको कि.नं. ३९८ को जग्गाको नक्सा नै उडाई प्रतिवादीहरुले नापी कार्यालयबाट कि.नं. २०७ को नक्सा बनाएको भनी दावी गरेको अवस्था छ ।एकाको स्वामित्वमा रहेको जग्गा विनाकारण वादीले फिरादमा भने जस्तो उडाउन मिल्ने अवस्था पनि हुँदैन। वादीको हकहितमा असर पर्ने गरी नक्सा कायम गर्ने नापी कार्यालयबाट निर्णय भएको भए त्यसतर्फ कानून बमोजिम वादीहरुले दावी गरेको

अवस्था समेत देखिएन। त्यस्कारणले वादी दावीको कि.नं. ३९८ को जग्गाको नक्सा उडाई नापीको कर्मचारी समेतको मिलेमतोमा प्रतिवादीहरुले आफ्नो कि.नं.२०७ को जग्गाको नक्सा बनाई वादीहरुको सम्पूर्ण जग्गा कब्जा खिचोला गरेको भन्ने वादी दावी पुग्न नसक्ने ठहराई शुरुबाट भएको फैसला कानूनसम्मत भई मनासिव रहेको पाइयो। वादीको पुनरावेदन एवं विद्वान वरिष्ठ अधिवक्ताको बहस जिकीरसंग सहमत हुन सकिएन। त्यसैले प्रत्यर्थी झिकाई रहनु परेन ।

९. तसर्थ, सुरु रौतहट जिल्ला अदालतबाट मिति २०७४।०२।२१ मा भएको फैसला मिलेको देखिंदा सदर हुने ठहर्छ। वादीको पुनरावेदन जिकिर पुग्न सक्दैन। प्रस्तुत फैसलाको विद्युतीय प्रति अपलोड गर्नू र दायरीको लगतकट्टा गरी मिसिल नियमानुसार अभिलेख शाखामा बुझाई दिनू

रामचन्द्र यादव
न्यायाधीश

उक्त रायमा म सहमत छु।

रमेश बहादुर थापा
न्यायाधीश

<u>फैसला तयार गर्न सहयोग गर्ने:</u>
शाखा अधिकृत: राजकुमार लामिछाने/राजकुमार गुरुङ्ग
क.अ. टार्जन कुँवर
सम्वत् २०७४ साल चैत्र १६ गते रोज ६ शुभम्.......................................।

नेपाल सरकार

भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय

नापी विभाग

नापी कार्यालय : चन्द्रनिगाहपुर


गा.वि.स. /न.पा. चन्द्रनिगाहपुर

वडा नं: १८

जिल्ला: रौतहट

स्केल 1:4,800

नक्शा प्रिन्ट (ब्लूप्रिन्टको सट्टा)




श्री

लालपुर्जाको प्रतिलिपी अनुसार

र.नं ५८९६ बाट लागने राजश्व लिई कि.न. ३१,३२,३३ को नक्शा प्रिन्ट

तयार गर्ने

प्रमाणित गर्ने

अमीन

नेपाल सरकार

भूमि व्यवस्था,सहकारी तथा गरिबी निवारण मन्त्रालय

नापी विभाग

नापी कार्यालय : चन्द्रनिगाहपुर

वडा नं: १५


गा.वि.स./न.पा.

स्केल 1:1,200

जिल्ला: रौतहट

फायल नक्सा (ब्लूप्रिन्टको सट्टा)

साबिक कित्ता नं.३१,३२,३३




तयार गर्ने

प्रमाणित गर्ने

अं. : [illegible]

जिल्ला : [illegible]

गा.वि.स. : [illegible]

वडा नं. : १ [illegible]

स्केल १":१२५०

कि.नं. [illegible] को कायम नक्सा



१६२१
२०६८।८।२५

२८
४

श्री
रौतहट जिल्ला अदालत
इजलास
माननीय जिल्ला न्यायाधीश श्री हरिप्रसाद कोइराला
फैसला
मुद्दा नं. ०७२ – CP – ००८५
५२ – ०७२ – ००१०८
निर्णय नं- ४३५/०७३

मुद्दाः- जग्गा मिची बनाएको घर कम्पाउण्ड दिवाल समेत हटाई खिचोला छोडाई चलन।

बादीको नाम, थर र वतनः-

जिल्ला काठमाण्डौ, काठमाण्डौ महानगरपालिका वडा नं. ८ साविक भै हाल जिल्ला वारा कोल्वी नगरपालिका वडा नं. ३ बस्ने लक्ष्मी प्रसाद उप्रेतीको छोरा वर्ष ५० को ढुडीराज उप्रेती------१
जिल्ला सर्लाही, गा.वि.स. राजघाट वडा नं. ५ बस्ने दिल्ली बहादुर भण्डारीको छोरा वर्ष ३९ को निरज भण्डारी----------------------------------------१

प्रतिबादीको नाम, थर र वतनः-

जिल्ला रौतहट, चन्द्रपुर नगरपालिका वडा नं. १ मा बस्ने बद्रीनाथ पौडेलको छोरा वर्ष ४५ को अर्जुन पौडेल-----------------------------------१
ऐ.ऐ. बस्ने बद्रिनाथ पौडेलको छोरा वर्ष ४५ को नेत्रहरि पौडेल---------------------------------१
ऐ.ऐ. बस्ने शेख अजिजको श्रीमती वर्ष ६० की नेसावुन नेसा----------------------------------१
ऐ.ऐ. बस्ने शेख अलिजानको छोरा वर्ष ४० को शेख अजिज-----------------------------------१
ऐ.ऐ. गा.वि.स. डुमरीया (म) वडा नं. २ बस्ने वर्ष ६२ को केदार थापा-----------------------------१
ऐ.ऐ. बस्ने केदार बहादुर थापाकी श्रीमती वर्ष ५९ की शुसिला थापा-------------------------------१
ऐ. गा.वि.स. करुनिया घर भई हाल ऐ. चन्द्रपुर नगरपालिका वडा नं. १ बस्ने वर्ष ६० को जमिल अख्तर भन्ने महमद जिमल अख्तर---------------१

अदालतबाट बुझेको

प्रमाण --------
साक्षी --------
कागज ------

प्रमाण --------
साक्षी --------
कागज ------

न्याय प्रशासन ऐन, २०७३ को दफा ७(१) तथा मुलुकी ऐन, अ. वं. २९ नम्बर बमोजिम यसै तको क्षेत्राधिकारभित्र पर्ने भई दायर हुन आएको प्रस्तुत मुद्दाको संक्षिप्त तथ्य एवं ठहर यस प्रकार

## तथ्य खण्ड

हामी फिरादीहरुको संयुक्त नाँउ दर्ताको रौतहट जिल्ला, चन्द्रनिगाहपुर गा.वि.स. वडा नं. १ ख को कि.नं. ३९८ को ०-४-० जग्गा सीता देवी पौडेलबाट मिति २०६७।७।१७ मा खरीद गरी रजिस्ट्रेसन पास गरी लिई भोग गरी आएका थियौं। सो कि.नं. ३९८ को जग्गालाई प्रतिवादीहरुले कि.नं. २०७ को जग्गा हो भनी नापी कार्यालय रौतहटका कर्मचारीलाई मिलाई तिमीहरुको जग्गालाई नै उडाई दिएका छौं। अव कि.नं. ३९८ को सम्पूर्ण जग्गा हाम्रो नै भई सक्यो भनी मिति २०७२।४।७ गते जवरजस्ती हाम्रो जग्गा कव्जा, खिचोला गरेकोले प्रस्तुत फिरादपत्र साथ सम्मानित अदालत समक्ष उपस्थित भएका छौं।

अतः विपक्षी प्रतिवादीहरुलाई अदालतबाट झिकाई साक्षी प्रमाण समेत बुझी हामी वादीहरुको संयुक्त नाँउ दर्ताको कि.नं. ३९८ को ०-४-० जग्गालाई उडाई नापीका कर्मचारीसंग मिलेमतो गरी कि.नं. २०७ को नक्सा बनाई सम्पूर्ण जग्गा कव्जा गरी विपक्षी प्रतिवादीहरुले निर्माण गरेको कम्पाउण्ड दिवाल घर टहरा लगायतका सम्पूर्ण संरचनाहरु भत्काई अंशैबाट चलन चलाई पाँऊ भन्ने समेत व्यहोराको फिराद दावी।

हामी प्रतिवादीहरुले नापी कार्यालयका कर्मचारीलाई मिलाई वादीले दावी गरेको कि.नं. ३९८ को जग्गा नक्साबाट उडाएको तथा म प्रतिवादी अर्जुन पौडेलले आफ्नो कि.नं. २०७ को जग्गाको नक्सा बनाई खिचोला गरेको समेत छैन। मेरो नाँउ दर्ताको कि.नं. २०७ को जग्गादेखि उत्तर कि.नं. २७४ र २७५ पूर्वतर्फ कि.नं. २१०, २११ र २०६ पश्चिम सड्क र दक्षिण कि.नं. ४२ को जग्गा रहेको तथ्य नक्साबाट समेत देखिन्छ। यसरी वादीले दावी गरेको कि.नं. ३९८ को जग्गाको कुनै पनि साँधमा हामी प्रतिवादीहरुको जग्गा नै नरहेको हुँदा वादीको जग्गा खिचोला गर्ने अवस्था नै नभएकोले वादीको फिराद दावी खारेज गरीपाँऊ भन्ने प्रतिवादीहरु अर्जुन पौडेल, नेत्रहरी पौडेल, जमिल अख्तर भन्ने महमद जमिल अख्तर, शेख इजहार, नेसाबुन नेसा, केदार थापा, सुशिला थापा समेतले अलग अलग रुपमा एकै व्यहोरा उल्लेख गरी दिएको प्रतिउत्तरपत्र।

## ठहर खण्ड

४. नियम बमोजिम सासाहिक तथा दैनिक पेशी सूचिमा चढी इजलास समक्ष पेश हुन आएको प्रस्तुत मुद्दामा वादी ढुडीराज उप्रेती समेतको तर्फबाट उपस्थित विद्वान अधिवक्ता श्री शान्ति प्रसाद सुवेदी र प्रतिवादीहरु अर्जुन पौडेल समेतको तर्फबाट उपस्थित विद्वान अधिवक्ता श्री मो. मजरुल हक, श्री लालबाबु राय र श्री अफताभ आलम समेतले गर्नुभएको बहस सुनी मिसिल संलग्न कागज प्रमाण समेतको अध्ययन गरी हेर्दा वादी दावी बमोजिम कि.नं. ३९८ को जग्गा उडाई प्रतिवादीहरुको नाँउ दर्ताको कि.नं. २०७ को नक्सा बनाई वादीहरुको सम्पूर्ण जग्गा कव्जा, खिचोला गरेको हो, होइन भन्ने सम्वन्धमा निर्णय दिनुपर्ने देखिन आयो।

५. निर्णयतर्फ विचार गर्दा वादीहरुको संयुक्त नाँउ दर्ताको कि.नं. ३९८ को ०-४-० जग्गा उडाई नापीको कर्मचारीसंग मिलेमतो गरी विपक्षी प्रतिवादीहरुले कि.नं. २०७ को नक्सा बनाई वादीहरुको सम्पूर्ण जग्गा कव्जा खिचोला गरी निर्माण गरेको कम्पाउण्ड दिवाल, घर टहरा लगायतका सम्पूर्ण संरचनाहरुलाई भत्काई अड्डैबाट चलन चलाई पाँऊ भन्ने समेत व्यहोराको फिराद दावी रहेकोमा वादीको कि.नं. ३९८ को जग्गाको कुनै पनि साँध सिमानामा म प्रतिवादी अर्जुन पौडेलको नाँउ दर्ताको कि.नं. २०७ को जग्गा नरहेकोले वादी दावीको कि.नं. ३९८ को जग्गा कव्जा खिचोला गरेको छैन भन्ने समेत व्यहोराको प्रतिउत्तर जिकिर रहेको पाइन्छ।

६. मिसिल संलग्न सर्भे नापीको ब्लूप्रिन्ट नक्सा हेर्दा वादी दावीको कि.नं. ३९८ को जग्गा र प्रतिवादी मध्येका अर्जुन प्रसाद पौडेलको नाँउ दर्ताको कि.नं. २०७ को जग्गा एक आपसमा साँध सिमाना जोडिएको अवस्था मिसिलबाट देखिन आएको अवस्था छैन।

७. यस अदालतको आदेशानुसार मिति २०७४।१।१५ मा भएको स्थलगत नक्सा, डोरबाट पेश भएको संलग्न मुचुल्का हेर्दा सर्भे नक्साको जग्गा रौतहट जिल्ला, चन्द्रनिगाहपुर गा.वि.स. वडा नं. १ (ख) को दक्षिण कि.नं. २१ को दक्षिणमा रहेको संमको पैनीको आधार लिई नापी गर्दा कि.नं. ३९८ को उत्तर साँध कायम गर्दा र वडा नं. १ को महेन्द्र राजमार्गको सिमानालाई आधार मानी कि.नं. ३९८ को उत्तर साँधमा आँउदा दुवैतर्फको सिमाना मिल्नु पर्नेमा ३६ फिटको फरक परेको देखिएकोले र नक्सामा फरक देखिएकोले नक्सा अनुसार कि.नं. ३९८ ठ्याक्कै एकिन गर्ने अवस्था हुन नसकेको व्यहोरा खुलाई पेश भएको प्रतिवेदन मिसिल संलग्न रहेको छ।

८. नक्सामा नदेखिएको जग्गा यकिन गर्ने तथा छुट्याउने कार्य अदालतको होइन। जग्गा खिचोलामा दावी लिदा दावी गरेको कित्ताको अस्तित्व वादीले देखाउन सक्नु पर्छ। जग्गाको अस्तित्व नै नक्साबाट देखिदैन भने सो जग्गा खिचोला गरेको प्रश्न नै उठ्न सक्दैन। जहाँसम्म वादीले फिरादमा आफ्नो कि.नं. ३९८ को जग्गाको नक्सा नै उडाई प्रतिवादीहरुले नापी कार्यालयबाट कि.नं. २०७ को नक्सा बनाएको भनी दावी गरेको सम्वन्धमा हेर्दा सो नक्सा तथा सो नक्सा कायम गर्ने नापी कार्यालयबाट निर्णय भएको भए त्यसतर्फ कानून बमोजिम यी वादीहरुले दावी गरेको अवस्था देखिदैन। यस्तो अवस्थामा प्रतिवादीहरुले वादी दावीको जग्गा खिचोला गरेको भन्ने वादीहरुको फिराद दावी मनासिव देखिन आएन।

९. अतः उल्लिखित आधारकारण समेतबाट वादी दावीको कि.नं. ३९८ को जग्गाको नक्सा उडाई नापीको कर्मचारी समेतको मिलेमतोमा प्रतिवादीहरुले आफ्नो कि.नं. २०७ को जग्गाको नक्सा बनाई वादीहरुको सम्पूर्ण जग्गा कव्जा, खिचोला गरेको भन्ने वादी दावी पुग्न नसक्ने ठहर्छ। अरुमा तपसील बमोजिम गर्ने गरी अ.वं. १८६ नं. बमोजिम यो फैसला गरीदिएको छ।

## तपसील

माथी ठहर खण्डमा लेखिए बमोजिम वादी दावी नपुग्ने ठहरी फैसला भएकोले वादीलाई सजाय गर्नु पर्छकी भन्नलाई प्रस्तुत मुद्दा कोर्टफी राखी दर्ता भएकोले वादीलाई सजाय गर्नु परेन------------१

स फैसलामा चित्त नबुझे वादीलाई ३५ दिनभित्र उच्च अदालत जनकपुर, अस्थाई इजलास वेरगंजमा पुनरावेदन गर्न जानु भनी अ.वं. १९३ बमोजिम पुनरावेदनको म्याद दिनू-------------२

सरोकारवालाले फैसलाको नक्कल माग गरे लाग्ने दस्तुर लिई फैसलाको नक्कल दिनू-------------३

प्रस्तुत मुद्दाको दायरीको लगत कट्टा गरी फैसला विधुतिय अपलोड गरी अभिलेख शाखामा बुझाई दिनू------------------------------------------------------------------------४

जिल्ला न्यायाधीश

फैसला रिपोट गर्ने- मदनमोहन सहनी

फैसला टाइप गर्ने -- अपरेटर किरण के. सि.

सम्वत् २०७४ साल जेष्ठ २१ गते रोज १ शुभम्---------------------------------------

नेपाल सरकार

भूमि व्यवस्था,सहकारी तथा गरिबी निवारण मन्त्रालय

नापी विभाग

# नापी कार्यालय,चन्द्रनिगाहपुर

जिल्ला: रौतहट


वडा नं.

कि. नं. ८५ क्षे. नं.

गा.वि.स./न.पा.

नक्शा प्रिन्ट (ब्लूप्रिन्टको सट्टा)

स्केल 1:2



रौतहट जिल्ला अदालत

इजलास

माननीय जिल्ला न्यायाधीश श्री मातृकाप्रसाद मरासेनी

<u>आदेश</u>

रिट निवेदन नं. – ०८०-WO-०१३४

<u>विषयः अन्तरिम आदेश सहितको निषेधाज्ञा जारी गरी पाउँ</u>

नेसावुन नेसा---------------------------------------------------------------------------------निवेदक

<u>विरुद्ध</u>

राजन भन्ने नरबहादुर बोगटी समेत----------------------------------------------------------प्रत्यर्थी

यसमा निवेदकको तर्फबाट उपस्थित विद्वान अधिवक्ता श्री लालबाबु राय यादवको बहस जीकिर समेत सुनी प्रस्तुत निवेदनको बेहोरा अध्ययन गरियो ।

यसमा के कसो भएको हो ? निवेदकको माग बमोजिम निषेधाज्ञाको आदेश किन जारी हुन नपर्ने हो? आदेश जारी हुन नपर्ने कुनै आधार कारण भए प्रमाण सहित बाटाको म्याद बाहेक १५ दिन भित्र विपक्षी आफै वा आफ्नो कानून बमोजिमको प्रतिनिधि वा कानून व्यवसायी मार्फत लिखित जवाफ लिई उपस्थित हुनु होला भनी प्रस्तुत आदेश र निवेदनको छायाँ प्रति समेत संलग्न गरी प्रत्यर्थीको नाममा म्याद सूचना पठाई म्याद भित्र लिखित जवाफ परे वा पर्ने अवधि व्यतित भएपछि नियमानुसार पेश गर्नु।

निवेदकले अन्तरिम आदेश माग गरेको सम्बन्धमा दुवै पक्ष राखी छलफल गराई निर्णयमा पुग्न उपयुक्त हुने हुँदा मिति २०८०।९।०४ गते को छलफलको लागी पेशी तोकी विपक्षीलाई सूचित गर्नु साथै सो छलफल नभएसम्मको लागी निवेदिका नेसावुन नेसा नाउँ दर्ताको जिल्ला रौतहट गा.वि.स. चन्द्रनिगाहपुर वडा नं.१ ख हाल वडा नं.४ को कि.नं.४८६, कि.नं.१०७७ को जग्गामा दर्तावाला निवेदिकालाई भोग गर्नमा बाधा अवरोध नगर्नु, नगराउनु, जिउ ज्यान लिने कार्य नगर्नु नगराउनु, अपराधिक उपद्रव नमचाउनु भनी विपक्षीको नाउमा जिल्ला अदालत नियमावली २०७५ को नियम ३४ बमोजिम यो अल्पकालिन अन्तरिम आदेश जारी गरिदिएको छ । आवश्यक समन्वय गर्न, आदेशको कार्यान्वयन गर्न भनी ईलाका प्रहरी कार्यालय चन्द्रनिगाहपुर, चन्द्रपुर वडा नं.४ को वडा कार्यालयको नाउँमा पत्राचार गर्नू ।

न्यायाधीश

इति सम्वत् २०८० साल मंसिर २६ गते रोज ३ शुभम्-------------

Email: admin.dcrautahat@supremecourt.gov.np

# रौतहट जिल्ला अदालत

## गौर

(दायरीशाखा)

रिट निवेदन नं ०८०-WO-०१३४

च.संख्या: ०८०/०८१

चलानी नं. ५२-०८०-००१६८९ मिति: २०८०/०८/२६ गते

**विषय:-अन्तरिम आदेश सम्बन्धमा।**

श्री इलाका प्रहरी कार्यालय

चन्द्रनिगाहपुर,रौतहट।

उपर्युक्त सम्बन्धमा निवेदक/वादी जिल्ला रौतहट गा.वि.स.जटहरा वडा नं.९ परिवर्तित ऐ.ईशनाथ न.पा.वडा नं.५ हाल ऐ.चन्द्रपुर न.पा.वडा नं.४ मा बस्ने शेष अजीजको पत्नी वर्ष ८१ की नेसाबुन नेसा र प्रतिवादी जिल्ला रौतहट चन्द्रपुर न.पा.वडा नं.४ मा बस्ने प्रेमबहादुर बोगटीको छोरा अ.वर्ष ४५ को राजन भन्ने नरबहादुर बोगटी समेत भएको निषेधाज्ञा रिट निवेदन मुद्दामा मिति २०८०/०८/०२५ मा भएको आदेशानुसार पत्राचार गरिएको छ।

अतः अन्तरिम आदेश माग गरेको सम्बन्धमा,निवेदिका नेसाबुन नेसाको नाउँमा दर्ता रहेको जिल्ला रौतहट गा.वि.स.चन्द्रनिगापहुर वडा नं.१ख हाल वडा नं.४ को कि.नं.४८६,कि.नं.१०७७ को जग्गामा दर्तावाला निवेदिकालाई भोग गर्नमा बाधा अवरोध नगर्नु,नगराउनु जिउ ज्यान लिने कार्य नगर्नु नगराउनु,अपराधिक उपद्रव नमचाउनु भनी विपक्षीहरुको नाउँमा जिल्ला अदालत नियमावली,२०७५ को नियम ३४ बमोजिम अल्पकालिन अन्तरिम आदेश जारी भएकोमा सो आदेशको प्रतिलिपि समेत यसैपत्रसाथ पठाइएको छ। सो बमोजिम गर्न गराउनु हुन अनुरोध छ।

बोधार्थः

१ श्री चन्द्रनिगाहपुर नगरपालिका वडा नं.४ को वडा कार्यालय रौतहट। — माथी उल्लेखित व्यहोरामा लेखिए बमोजिम गर्नु गराउनु भै अदालतको आदेश कार्यान्वयन गरिदिनु हुन अनुरोध छ।

२ जिल्ला रौतहट चन्द्रपुर न.पा.वडा नं.४ मा बस्ने प्रेमबहादुर बोगटाको छोरो अ.वर्ष ४५ को राजन भन्ने नरबहादुर बोगटी----------------------------

३ जिल्ला महोत्तरी मटीहानी न.पा.वडा नं.९ हाल जिल्ला रौतहट चन्द्रपुर न. पा.वडा नं.४ मा बस्ने अब्दुल जबार अन्सारीको छोरा अ.वर्ष ४७ को कासिम अन्सारी------------------------------------------------ — आदेशानुसार गर्नु हुन।